मिति २०८१/०८/१० गते

प्रस्तावहरु:

१. क्यान्टिन (चमेना गृह) को ठेक्का पट्टाको सूचना प्रकाशन सम्वन्धमा।

२. स्पा तथा मसाज सेन्टर र ड्राईभिङ सेन्टरको कर निर्धारण सम्वन्धमा।

३. दक्षिण कोरियाको भ्रमण सम्वन्धमा।

४. श्री जिल्ला प्रशासन कार्यालय,पर्सा,वीरगञ्जमा कर्मचारी खटाउने सम्वन्धमा।

५. कर्मचारी करार सेवामा लिने सम्वन्धमा।

६. मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं.१: प्रस्ताव नं.१ माथि छलफल गर्दा यस ठोरी गाउँपालिकाको कार्यालय परिसर भित्र रहेको क्यान्टिन (चमेना गृह) लाई वार्षिक ठेक्कामा दिनु पर्ने भएकोले ठेक्का पट्टाको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं.२: प्रस्ताव नं.२ माथि छलफल गर्दा यस ठोरी गाउँपालिकाको क्षेत्र भित्र सञ्चालन हुने स्पा तथा मसाज सेन्टर र ड्राईभिङ सेन्टरको कर देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | व्यवसायको नाम | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | स्पा तथा मसाज सेन्टर | रु.१०,०००/- | अन्य कर नियमानुसर लागु हुनेछ |
| २ | ड्राईभिङ सेन्टर | रु.५,०००/- | अन्य कर नियमानुसर लागु हुनेछ |

निर्णय नं.३: प्रस्ताव नं.३ माथि छलफल गर्दा दक्षिण कोरिया देशको कोरिया एकेडेमी सोसाईटी अफ डिजिटल कन्भर्जेन्स (Korea Academy Society of Digital Convergence) नामक संस्थाको आयोजनामा मिति २०८१/०९/१२ गते देखि मिति २०८१/०९/१६ गते ( December 27, 2024 to December 31, 2024 ) सम्म हुने कार्यशाला गोष्ठीमा यस ठोरी गाउँपालिकाका उपाध्यक्षज्यूलाई सहभागिताको लागि निमन्त्रणा प्राप्त भएकोले ठोरी गाउँपालिकाका उपाध्यक्षज्यू श्री गोकुली कुमारी रेग्मी ( पासपोर्ट नं. ) लाई उक्त कार्यशाला गोष्ठीमा सहभागी हुन दक्षिण कोरिया पठाउने र सो सम्वन्धमा अनुमतिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याङ्डाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

धर्मराज बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.४: प्रस्ताव नं.४ माथि छलफल गर्दा इलाका प्रशासन कार्यालय, सुपौली, पर्साबाट नागरिकता, राष्ट्रिय परिचयपत्र वितरण लगायत दैनिक कार्यहरु गर्न कर्मचारी अपुग भएको कारण दैनिक सेवा प्रवाहमा कठिनाई आएको वेहोरा लेखी श्री जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगञ्जले प.सं. २०८१/८२, च.नं. १८०३, मिति २०८१/०८/०४ गतेको पत्र मार्फत सहयाक स्तरका १ जना कर्मचारी माग गरेको हुदा अर्को ब्यवस्था नभए सम्मको लागि सहायक चौथो तहका १ जना सहायक कम्प्युटर अपरेटर पदका कर्मचारीलाई डोर हाजिरमा सम्झौता गरी श्री जिल्ला प्रशासन कार्यालय,पर्सा,वीरगञ्जमा काजमा खटाउने निर्णय गरियो।

निर्णय नं.५: प्रस्ताव नं.५ माथि छलफल गर्दा ठोरी गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरु एवम् विद्यालयहरुका लागि आवश्यक्ता अनुसार कर्मचारी र शिक्षकलाई करारमा सेवा लिने निर्णय गरियो।

निर्णय नं.६: प्रस्ताव नं.६ माथि छलफल गर्दा पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०८१ वमोजिम सङ्घीय सशर्तबाट वित्तीय हस्तान्तरण भई यस ठोरी गाउँपालिकामा प्राप्त " मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम " शिर्षकमा रहेको रु. ५,०००००/- पाँच लाख बाट पाडा खरिद तथा ढुवानी कृयाकलाप गर्न प्रति पाडा रु.१०,०००/- दश हजार अनुदान दिने र सो कार्यक्रम कार्यान्वयन गर्न सुचना प्रकाशन गर्ने निर्णय गरियो।

धर्मराज बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत